**सीमित बैंकिङ्ग कारोवार गर्न विगतमा अनुमतिपत्र प्राप्त गरेका १४ वटा सहकारी संस्थाहरुले सहकारी सम्वन्धी प्रचलित ऐन अन्तर्गत रही अन्य बचत तथा ऋण सहकारी संस्था सरह कारोवार गर्न सक्ने सम्वन्धी सूचना ।**

सीमित बैंकिङ्ग कारोवार गर्न अनुमतिपत्र प्राप्त गरेका १४ वटा सहकारी संस्थाहरुका सम्वन्धमा यस बैंकबाट मिति २०७५/०४/०२ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको सार्वजनिक सूचनाबाट ती सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन लगायत अन्य प्रचलित कानुनको पालना नगरेको हुनाले कारवाही स्वरुप अनुमतिपत्र रद्द गरिएको भन्ने भ्रम पर्न गएको व्यहोरा जानकारी हुन आएकोले उपरोक्त सहकारी संस्थाहरुका सम्वन्धमा यस बैंकको नीतिगत निर्णय अनुरुप नियामकीय तथा सुपरिवेक्षकीय दायराबाट अलग गरिएको व्यहोरा स्पष्ट पार्दै निर्देशनको पालना नभएका कारण कारवाही स्वरुप उक्त निर्णय नगरिएको व्यहोरा सर्वसाधारण एवम् सरोकारवाला सबैमा स्पष्ट पारिएको व्यहोरा अनुरोध छ । साथै, उक्त सहकारी संस्थाहरुले सहकारी सम्वन्धी प्रचलित ऐन अन्तर्गत रही अन्य बचत तथा ऋण सहकारी संस्था सरह कारोवार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।